# कवि भीमदर्शनका काव्य प्रवृत्तिहरू

*भरतकुमार भट्टराई*

लुम्बिनी अञ्चलको गुल्मी जिल्लामा पर्ने भार्से गाविस पैतृक थलो भएका भीमदर्शन रोकाले वि.सं. १९८६ पुस १४ गते (ई.सं. १९३० डिसेम्बर २९) पिता हस्तलाल रोका र माता वसन्तीदेवी रोकाका साहिंला छोराका रूपमा काठमाडौंको कालधारामा जन्म लिने अवसर पाएका हुन् । भारतस्थित ब्रिटिस-सेनामा सैनिक भएकाले भीमदर्शनका पिताले उनलाई शिशु अवस्थादेखि नै पन्जाबको भाक्सुमा आफूसितै राखी शिक्षादीक्षा दिलाएका थिए । पन्जाव विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्य मूलविषय लिई बी.ए. उत्तीर्ण गरेपछि २००८ सालमा उनी नेपालमै फर्के । नेपालमा प्रवेश गरेदेखि नै शिक्षण पेशामा संलग्न भएका भीमदर्शनले आफ्नो जीवनको धेरै समय शिक्षक भएर बिताएको देखिन्छ । काठमाडौंमा आइबस्न थालेपछि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ आदिसँग घनिष्ठता बढ्दै गएर उनी कविता सिर्जना गर्नतिर लागे । यसै सिलसिलामा उनको पहिलो नेपाली कविता 'कैयौं बाटोबाट आएको हुँ' २०१० सालको 'प्रगति' पत्रिकामा प्रकाशित भयो । यसपछि कहिले लेखिँदै र कहिले रोकिँदै उनको कविता-यात्राले २०४५ सालसम्म निरन्तरता पायो । परिणामस्वरूप उनको एउटा कवितासङ्ग्रह 'घाम डुबी तारा नउदाएको आकाश हुँ म' (२०५६) प्रकाशित भयो ।

प्रस्तुत कवितासङ्ग्रहमा कवि रोकाका २७ वटा कविताहरू सङ्गालिएका छन् । यीमध्ये सुरुका १५ वटा कविताहरू २०१० देखि २०१३ सालसम्ममा लेखिएका छन् भने त्यसपछिका १२ वटा कविताहरू २०२२ देखि २०४५ सम्ममा लेखिएका छन् । २०१३ देखि २०२२ बीचको कालावधि सिर्जनाशून्य रहेकाले झन्डै ९ वर्षको अन्तरपछि लेखिएका कविताहरूमा रोका केही भिन्न कथ्य, संरचना, शैली र प्रवृत्ति लिएर देखा परे । फलस्वरूप उनका कविता-यात्राका दुई चरण देखिए पूर्ववर्ती चरण र उत्तरवर्ती चरण । उनका २०१०-२०१३ का कविताहरूले पूर्ववर्ती र २०२२-२०४५ का कविताहरूले उत्तरवर्ती चरणको प्रतिनिधित्व गरेका छन् ।

कवि रोकाको यस चरणको सबैभन्दा उर्वरकाल 'इन्क्षेनी' पत्रिकाको प्रकाशन साल २०१३ नै देखियो र यसै वर्ष मात्रै १० वटा कविताहरूको प्रकाशन भयो । काव्य-प्रतिष्ठानद्वारा प्रकाशित पत्रिका 'इन्क्षेनी'मा यति धेरै कविताहरू प्रकाशित हुनमा कवि रोका त्यस साहित्यिक संस्थाका सदस्यमा नियुक्त हुनु, यिनले त्यसकालका प्रतिनिधि कविहरू सम देवकोटा, सिद्धिचरण र व्यथितका जीवित सम्पर्कमा रहन पाउनु र 'इन्क्षेनी' (इन्क्षेनी) मा प्रकाशित हुने कविताहरूलाई अङ्ग्रेजीमा उल्था गर्न देवकोटालाई सहयोग गर्न पाउनु आदि कारण हुन सक्छन् ।

उनका उत्तरवर्ती चरणका कविताहरूमा चाहिं तीसको दशक र चालीसको दशक नै बढी उल्लेख्य रहेको भेटिन्छ । यसरी कवि भीमदर्शनको समग्र कविता-यात्राको अवधि ३५ वर्ष जति रहे पनि बीचको ९ वर्षे सिर्जनाशून्य अवधिलाई घटाउँदा केवल २६ वर्ष बाँकी रहन्छ । यो २६ वर्षभित्र पनि उत्तरवर्ती चरणको २०२२ देखि २०३८ सम्मको झण्डै १६ वर्षे अवधि कविता-सिर्जनाका दृष्टिले पूर्णतः बाँझो रह्यो । उनी वास्तविक रूपमा १० वर्ष मात्रै कविता-सिर्जनामा केन्क्षित रहेको हिसाब लगाउन सकिन्छ । खास गरी शिक्षण-कार्यको व्यस्तता र मस्तिष्क रक्तस्राव तथा पक्षाघात रोगका कारणले उनको साहित्यिक सिर्जनालाई नराम्ररी आघात पुऱ्याएको देखिन्छ । समग्रमा भन्दा कवि रोकाको पूर्ववर्ती चरण अर्थात् २०१०-२०१३ को कालावधि कविता-सिर्जनाका दृष्टिले उर्बर रहेको स्पष्ट हुन्छ ।

कवि रोकाका उपर्युक्त कविताहरूलाई सरसर्ती हेर्दा कतै राष्ट्रराग महत्वपूर्ण बनेर आएको देखिन्छ भने कतै प्रकृतिको चित्रणले बढी ठाउँ पाएको देखिन्छ । प्रकृतिको चित्रणसँगै कविलाई झकझक्याइरहने भाव रहेको छ- प्रेम, प्रीति वा प्रणय । कवि जब समाज-सचेत हुन्छन् सामाजिक क्षैत्रमा व्याप्त विसङ्गतिलाई सूक्ष्म रूपमा अवलोकन गर्न पुग्छन् । यसले उनलाई व्यङ्ग्य गर्न र विक्षेही स्वर प्रकट गर्न आन्दोलित गर्छ । कवि समाजमा परिवर्तन र सुधार गर्ने आकाङ्क्षा राख्नतर्फ प्रेरित हुँदा उनमा क्रान्तिचेतना बढ्न थाल्छ । कवि समाजलाई समृद्ध तुल्याउन र मान्छेलाई सुखी तुल्याउन मानवतावादी चेतनाद्वारा डोऱ्याउने बाटो अँगाल्न चाहन्छन् । उनको अभिव्यक्तिले विविध भाक्षशैलीगत वैशिष्ट्यद्वारा निजात्मक पहिचान प्राप्त गर्न सकेको छ । यसैले उनका प्रमुख प्रवृत्तिहरूलाई मूल रूपमा यी बुँदाभित्र समेट्न सकिन्छ-

(१) राष्ट्रप्रेम (२) प्रकृति- प्रयोग (३) प्रणय -प्रेम (४) विसङ्गति र व्यङ्ग्य-विक्षेह (५) क्रान्तिचेतना (६) मानवतावादी चेतना र (७) भाक्षशैलीगत प्रवृत्ति ।

**(१) राष्ट्रप्रेम**

उनका कविताभित्र सशक्त रूपमा देखा पर्ने विषय हो- राष्ट्रप्रतिको अटुट भक्ति । उनको पहिलो कवितादेखि नै यो भाव प्रकट हुन थाल्छ र अन्त्यसम्म नै विस्तार पाउँछ । कवि राष्ट्रभित्र जन्मन्छ भने कविभित्र राष्ट्र मुटुको ढुकढुकी बनेर रहन्छ । रोकाका कवितामा नेपालको प्रकृति र सुन्दरता सबभन्दा प्यारो बनेर आएको हुन्छ । नेपालका हिमाल, पहाड, नदीनाला, गाउँ-बस्ती, वन, लेक-बेँसी, आदिलाई कविले देशभक्तिको भावना अभिव्यक्त गर्ने तत्वका रूपमा आत्मसात् गरेका छन् । कवि आफ्नो परिचय नै देशप्रेमी बनेर मात्र दिन्छन्

पर्वत बनी उभिएको हुँ

नदी नाला बनी आएको हुँ

(कैयौं बाटोबाट आएको हुँ)

काठमाडौंमा जन्मे पनि हुर्कन, बढ्न, पढ्न भारतको पन्जाबमा पुगेका कविले जब युवावस्थामा पुनः नेपाल आउने अवसर पाए, उनीभित्रको राष्ट्रभक्ति जुर्मुराएर बिउँझिन पायो र त्यसले कविता-सिर्जना गर्ने अन्तः प्रेरणासमेत प्रदान गऱ्यो । अनेकौं लक्ष्यहरू लिई हुरीजस्तो बनेर नेपाल आइपुगेका युवा कवि रोकालाई नेपाली पर्वत र नदीनालाहरूले आफ्नै छायाँजस्तो बनेर बस्ने आत्मीय माया खन्याएपछि उनी राष्ट्रको गीत गाउँदै नेपालमै बस्ने निर्णयमा पुगे । नेपाललाई 'घर' ठान्ने र हिमाललाई आकर्षणको केन्क्षविन्दु मान्ने कवि रोकालाई नेपालमा बस्न पाउनु जीवनको सम्पूर्ण लक्ष्य प्राप्ति हुनु भन्ने लाग्छ । नेपालमा रमेर बाँच्न पाउनुजस्तो सुखद र अन्तिम चाहना वा सपना उनलाई अरू कुनै छैन । कवि भन्छन्-

हिँड्दा हिँड्दै अन्त पाएको झैं
बिहान निस्की घर आएको झैं,

अब फर्कूं कसरी लाग्दछ यस्तो ।
यो हिमालले मलाई छेकेको झैं

(नेपाल देख्दा कतै देखेको झैं)

कविका हृदयभित्र आफ्नो जन्मस्थल नेपालप्रति सहज रूपमा उत्पन्न भएको गहिरो माया मात्र पाउन सकिन्न नेपालप्रतिको चिन्ता पनि भेट्न सकिन्छ । नेपाल छाडेर विभिन्न उद्देश्यले विदेशमा गई बस्ने प्रवृत्तिले नेपालीहरूलाई ठूलो सङ्कटमा पार्ने र नेपाललाई पनि दुःखद स्थितिमा पुऱ्याउने कुरामा कवि बढी चिन्तित छन् । युगौंदेखि विदेशका उन्नतिमा बिहानै वा कलिलै उमेरदेखि गई साँझ वा बुढ्यौलीमा मात्र नेपाल फर्कनेहरू वा विदेशमै बसोबास गरी नेपाललाई बिर्सनेहरूबाट देशमाथि आइपर्नसक्ने गम्भीर सङ्कटप्रति खबरदारी गर्दै स्वदेश र स्वजातिप्रतिको चिन्ता र व्यथालाई राष्ट्रप्रेमकै मार्मिक अभिव्यक्ति बनाएर कवि यसरी पोख्छन्

सधैं बिहान हिँड्न थाल्दछु म
सधैं साँझ ताराहरू बाल्दछु म
सधैं दिनको एकै अन्त देख्दा
किन हो किन लाग्दछ डर !

जहाँ जहाँ बास बस्दै जान्छु
ती सबलाई घर आफ्नै ठान्दै जान्छु
फर्कूँ यदि भोलि यही बाटो
गाह्रो पर्ला चिन्न मलाई मेरै घर !

(एक युग भयो)

कवि आफ्नो देशप्रति आत्मगौरव राख्दछन् । उनी नेपालका हरेक कुराप्रति गौरव गर्छन् जसमा उनको राष्ट्रभक्ति अन्तर्निहित भएको सहजै अनुभव गर्न सकिन्छ । यस्तै सरल र साना कुराबाटै पोखिएको राष्ट्रगौरवको एउटा नमुना यस्तो छ-

त्यही एक एक खोला र
दुई दुई उकालाहरू मेरो देश हो

(मेरो देश)

नेपाल बादलुको देश पनि हो र बादलले आफ्नो यात्राको बिसौनी बनाउन पाउने अनेकौं हिमालहरूको देश पनि हो । कविलाई आफ्नो देशप्रेमका भावनाले जहिले पनि हिमालको आव्हान सुन्ने र हिमालकै सान्निध्य प्राप्त गर्ने उत्कण्ठा रहन्छ । यस्तै एउटा उद्‌गार छ-

जाउँ हिँड त्यो ठाउँमा
जहाँबाट छर्लङ्ग देखिन्छ हिमाल

(हिमाल बोलाउँछ)

यसरी सधैं छर्लङ्ग देखिने हिमाल हेरेर बस्ने अठोटमा स्वराष्ट्रको माया अटुट रहेको भेटिन्छ ।

**(२) प्रकृति-प्रयोग**

कवि रोका प्रकृतिलाई कविताको विषय पनि बनाउँछन्, बिम्ब-अलङ्कार पनि बनाउँछन् र आफ्ना भावनाहरू सामान्यीकरण गर्ने तत्व पनि बनाउँछन् । जहाँ उनी प्रकृतिप्रेमी बनेका छन्- त्यहाँ प्रकृति मूल विषय बनेर आएको छ । उनी नेपाली प्रकृतिको सौन्दर्य-वर्णन गरेर कहिल्यै थाक्तैनन् । उनी प्रकृतिको कोमल-मधुर स्वरूपको वर्णन ज्यादा गर्छन् भने भीषण स्वरूपको चित्र पनि उपस्थित गर्छन् ।

कवि रोका स्वच्छन्दतावादी भावाधारामै कविता सिर्जना गर्ने भएकाले उनी आन्तरिक प्रकृति-चित्रणमा रमाउँछन् । शान्त - सुमधुर प्रकृतिको आन्तरिक स्वरूप उनले यसरी देखाएका छन्-

बादलको सेतो डुङ्गा तर्छ यहाँ
हिउँलाई बोकी हिमाल झर्छ यहाँ
पग्लन्छन् किरणहरू जताततै
घामले आफूलाई जब छर्छ यहाँ

(फेवाताल)

कवि रोका प्रकृतिको मानवीकरण अनि मानवको प्रकृतीकरण गर्ने प्रवृत्ति अँगाल्छन् । प्रकृतिलाई सुन्दरी, प्रेयसीका रूपमा चित्रण गर्नु प्रकृतिको मानवीकरण हो भने प्रकृतिभित्रै आफूलाई प्रकृतितुल्य बनाउनु मानवको प्रकृतीकरण हो । प्रकृतिको मानवीकरण गरिएको एउटा दृष्टान्त यस प्रकार छ-

ताराहरूको आकाश बोलाउँछ मलाई
यो कति टाढाको आश बोलाउँछ मलाई

(चार टुक्रा)

मानवको प्रकृतीकरण गर्ने क्रममा कवि आफूलाई प्रकृतिमै आत्मसात् गरेर प्रकट गर्छन्-

हुरी, बनी दगुरन्छु म
छायाँ बनी बिसाएको हुँ

(कैयौं बाटोबाट आएको हुँ)

कोही नदी किनार हुँ म
सधैं पर्खिरहने प्यार हुँम

(एक्लै एक्लै उदास उदास छु म)

कविले प्रकृतिलाई प्रेयसीका रूपमा पनि हेरेका छन् । यस प्रकारको चित्रणमा उनी प्रकृतिमा सौन्दर्यको उच्च स्वरूप पनि देखाउँछन् र त्यही प्रकृतिको सुन्दरतामा आफ्नी प्रेयसीको रूप पनि उतार्छन्-

नील आकाशको यो तारालाई
हेरिरहेछु म मेरो सहारालाई
हेरिरहेकी होलिन् प्रियतम मेरो
दूर प्रवासबाट यही तारालाई

(नील आकाशको तारालाई)

कविले वर्क्षत, वसन्त आदिको वर्णनका क्रममा आफ्नो प्रतिभा र कल्पनाशक्तिको अद्भुत सामर्थ्य प्रकट गरेका छन् । बेजोड कल्पनाशक्तिद्वारा प्रकृतिको चित्र उतारिएको एउटा नमुना यस्तो छ-

आकाशमा उडिरहेको कालो बादल
धरतीमा दुगुरिरहेको छायाँ पागल
किन नछोऊँ म दुवै किनार आज
नदी उर्ली उर्ली एकसाथ आयो

(बर्सात)

यहाँ वर्क्ष वा बर्सातले आकाश र धरतीलाई एकसाथ स्पर्श गर्ने अद्भुत कल्पना अत्यन्तै उत्कृष्ट प्राकृतिक चित्र बनेर आएको छ ।

कविले प्रकृतिलाई सम्पूर्ण सृजनाको स्रोत मानेका छन् भने मानवका निम्ति प्रकृति गुरु हो भन्ने कुरा पनि व्यक्त गरेका छन् । यस्तो अभिव्यक्ति 'तिम्रो विचारको घेरा' कवितामा आकाशलाई आधार बनाई प्रकट गरेको देख्न सकिन्छ ।

कवि नेपाली प्रकृतिका पुजारी बनेर आफ्ना कवितामा प्रस्तुत भएका छन् ।

(३) **प्रणय-प्रेम**

कवि रोका आफ्ना कविताका माध्यमबाट प्रेमप्रीतिका भावना व्यक्त गरिरहेका हुन्छन् । प्रकृतिलाई सहायक बनाई आफ्ना युवासुलभ प्रेमभावको अभिव्यक्ति उनले गरेको पाइन्छ । प्रकृतिका उपस्थितिमा प्रेयसी 'तिमी'लाई पोखेको प्रेयसी 'तिमी'लाई पोखेको प्रणयको एउटा उद्गार यस्तो पाइन्छ-

ऋतु वसन्त नआएको भए
तिमीले गीत मेरो नगाएको भए
गुराँस यति रातो हुने थिएन
तिमी यसरी नशर्माएको भए

(ऋतु वसन्त नआएको भए)

कविका प्रणयाभिव्यक्तिमा कतै प्रेमपूर्ण मिलनको सुखद स्थिति देखिन्छ भने कतै प्रेमवियोगबाट व्यथित-पीडित भई निराश बनेको अवस्था पनि देखिन्छ । त्यस्तै कतै प्रेमका निम्ति बलिदान हुने समर्पणको भाव पनि भेटिन्छ-

डुङ्गा राखे जलमा तिमीले
हातको पतवार दिउँला ।
दाउ हान्न नै आए मसँग
आफ्नो सबकुछ हार दिउँला ।

(डुङ्गा राखे जलमा तिमीले)

कविले प्रेमको स्वरूपलाई उदात्त, पवित्र, महान् र हार्दिक बनाउने प्रयत्न गरेका छन् । उनलाई हार्दिक गम्भीर प्रेममा विश्वास छ र प्रेमको उच्चतामा नै भरोसा छ-

हाम्रो मिलनस्थान कति अग्लो र महान् छ
कति मौन, कति गम्भीर, निश्चल छ
कि आउँदैन केही आवाज कहिले
तर बुझ्दछु म आँखा र इशारालाई

(नील आकाशको तारालाई)

(४) **विसङ्गति र व्यङ्ग्य-विक्षेह**

कवि रोका समाजसचेत, युगसचेत हुँदै जाँदा जीवनको सूक्ष्म निरीक्षण गर्न पुग्छन् । यस क्रममा उनले जीवन-जगतलाई नजिकैबाट हेर्दै सामाजिक विकृतिलाई उधिनेका छन् र त्यस्ता विकृतिले समाजमा निम्त्याएका खराबीहरूलाई देखाई त्यस प्रकारका मानवीय कमजोरीहरूमाथि व्यङ्ग्य गर्दै समाजमा सुधार एवं परिवर्तनको खाँचो औंल्याएका छन् । यो प्रवृत्ति कविमा उत्तरवर्ती चरणमा ज्यादा टड्कारो देखिएको छ किनभने उनी यस चरणमा यथार्थप्रति ज्यादा संवेदनशील बनेका छन् ।

समाजमा देखिने असमानता, भेदभाव, होची-अर्घेली, मानवीय विचारको ह्रास, अन्याय आदि पक्षलाई नियाल्दै तिनलाई हटाउनुपर्ने विचार कविले 'बाउँदो खाडी', 'लागिरहेछ आगो', 'मनभरि बुढिया', 'मेरो आवाज' जस्ता कविताहरूमा व्यक्त गरेका छन् ।

समाजमा विषमता छ- आर्थिक, सामाजिक आदि । त्यसलाई कविले यसरी पोखेका छन्-

तर त्यो आइरहेको लामो ताँती
मानिसको सानु रूप भाँती भाँती
कसरी पार गर्लान् यो यत्रो ठूलो खाडी
झस्याङ्ग हुन्छु, मुटु हान्दछ अनि तर्सन्छ

(बाउँदो खाडी)

समाजमा व्याप्त यस्ता विकृति-विसङ्गति हटाउन कवि हुरी बनेर, लाग्ने, आगो बनेर ताल्ने र आवाज बनेर क्रान्तिको शङ्खघोष गर्ने विचार प्रकट गर्छन् । यस्तो विचार प्रकट गर्दा उनले व्यङ्ग्यको झटारो पनि हानेका छन् विक्षेहको स्वर पनि उरालेका छन् । कविमा समाजका लागि केही गर्ने चाहना छ, उद्देश्य छ र त्यसलाई साकार पार्न कम्मर कस्ने अठोट छ-

कसरी पुरुँ खाल्डो यो ठूलो पीर
बढ्दिन म अघिल्तिर केही नगरी
यही मेरो उद्देश्य, पछिल्तिर नै फर्कन्छु ।

(बाउँदो खाडी)

शहरी सभ्यताले मानवताको ह्रास गरेको छ । मानवीय मूल्य दिनप्रतिदिन खस्कँदो छ । यस्तो नागर सभ्यताको विरोध एउटी बुढिया कारुणिक दृश्य उपस्थित गरेर यस प्रकार गरेका छन्-

नतमस्तक मन्दिरको अघि उभिई
देखें-कसिङ्गर बढारी वर्षौं थुपारिएको
झुत्रै झुत्राको पुतला
भेलले बगाई
बगर छेउ हुत्याई
वर्षौं खङ्ग्रङ्ग सुकेका जरा-

एउटी बुढी गुडुल्की पल्टिरहेकी
कसैले केही नदिई
कसैसँग केही नलिई
एक टक मन्दिर मात्र हेरिरहेकी
आफू र मन्दिर दाँजिरहेकी

(मनभरि बुढिया)

कवि समाजका विकृति हटाउने क्रान्तिको आवाज हुनमा गौरव ठान्छन् । यस क्रान्तिकारी चेतनामा उनको प्रजातन्त्रप्रतिको अटुट विश्वास झल्केको छ । यस प्रकारको विचारलाई उनको 'मेरो आवाज' कविताले टड्कारो रूपमा प्रस्तुत गरेको छ ।

**(५) मानवतावादी चेतना**

कवि रोका मानवतावादी चेतनाद्वारा समाजमा आकाशको जस्तो फराकिलो विचारको घेरा लिई प्रस्तुत हुन आग्रह गर्छन् । समाजमा सबभन्दा बढी उपेक्षित हुँदै गएको कुरा नै मानवता ठान्छन् र सबैले उच्च दृष्टिकोण लिएर मानवताप्रति संवेदनशील हुन प्रेरित गर्छन् । मानवताको विस्तारका लागि कविको आकाश हुने प्रकृतिमुखी चाहना यस्तो छ-

धरतीको फराकिलोपन, तिम्रो विचारको घेरा
उठिरहन्छ, चुपचाप पातलिँदै जान्छ
इशाराभन्दा पनि पातलो,

मीठो बोलीबचनभन्दा पनि हल्का
रेशममा रेशम राखेजस्तो
सधैं मलाई छोइरहन्छ
आकाशका यी रूपरेखा

(तिम्रो विचारको घेरा)

उनी धरतीप्रेम र मानवकल्याणलाई एकसाथ व्यक्त गरी आफ्नो मानवतावादी भावना प्रस्तुत गर्छन् ।

**(६) भाक्षशैलीगत प्रवृत्ति**

कवि रोका सरल भाक्षमा मार्मिक-गम्भीर भाव अभिव्यक्त गर्ने अत्यन्त प्रतिभाशाली कवि हुन् । उनका कविताको कल्पनाको उडान पाइन्छ । प्रायः छोटा गीति-कविता वा लयात्मक कविता सृजना गर्नु उनको वैशिष्ट्य हो । फारसी-उर्दू गजलबाट प्रभावित भई नेपाली कवितामा रुबाई शैलीका मुक्तक रचना गर्ने पहिला कविको सम्मान उनलाई प्राप्त छ ।

उनका कवितामा सरल नेपाली शब्दकै प्रयोग भएको हुन्छ । यसका अतिरिक्त उनी संस्कृत शब्दका साथै उर्दू-हिन्दी र अङ्ग्रेजी भाक्षका आगन्तुक शब्दको प्रयोग पनि गर्छन् । सहजै बुझ्न सकिने कविता लेख्नुको उपलब्धि हो भने भावअनुसारका बिम्ब, प्रतीकको प्रयोग पनि उनले गरेकै हुन्छन् । उपमा र रुपकको प्रयोगमा उनी सिपालु छन् । यसबाट उनको कवितात्मक अभिव्यक्ति कलात्मक, हृदयस्पशी र सुन्दर बनेको पाइन्छ । उनको बिम्ब-प्रयोगको उत्कृष्ट नमुनाका रूपमा तलका पङ्क्तिलाई अघि सार्न सकिन्छ

एक्लै एक्लै उदास उदास छु म
घाम डुबी तारा नउदाएको आकाश हुँ म

हिजो जहाँ आई बसेथिन् तिनी
त्यही उजाडिसकेको बास हुँ म

(एक्लै एक्लै उदास उदास छु म)

निष्कर्षमा भीमदर्शन रोका नेपाली कविता परम्परामा लघु-संरचना भएका लयात्मक मार्मिक कविता रचना गर्ने एक प्रतिभाशाली कवि हुन् । उनी थोरै तर उत्कृष्ट कविता सृजना गर्ने र आफूलाई विशिष्ट कविहरूकै स्थानमा पुऱ्याउन सक्ने सफल कवि हुन् ।

*हाल: नेपाली केन्द्रीय विभाग त्रिवि, कीर्तिपुर*